म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक २८५ | सोमबार, १८ जेठ २०८३ | ने. सं. ११४६ अनलागा | 1 June 2026 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडा-६ मा सामूहिक योग, ध्यान, व्यायाम जारी

हेटौंडा, १७ जेठ/स्वास्थ्यप्रति नागरिकको बढ्दो सचेतनासँगै हेटौंडा उपमहानगरपालिका-६ मा सामूहिक योग, ध्यान तथा व्यायाम भइरहेको छ । वडावासीको स्वास्थ्यअवस्थालाई मध्यनजर गर्दै जीवनविज्ञान जिल्ला परिषद् मकवानपुरको आयोजनामा, वडा नं. ६ कार्यालयको योग म्याट सहयोग तथा नीलकण्ठेश्वर महादेव विकास समिति हेटौंडा-६ को समन्वयमा जेठ १४ गतेदेखि बिहान ४:३० बजेदेखि दैनिकरुपमा योग, ध्यान र व्यायाम (उर्जाशिविर) सञ्चालन गरिएको हो । कार्यक्रममा स्थानीय महिला तथा पुरुष गरी ५५ जनाको सहभागिता रहेको थियो । नीलकण्ठेश्वर महादेव विकास समितिको सभाहलमा सञ्चालन भइरहेको कार्यक्रममा प्रशिक्षक सरला घिमिरे र उत्तरा रायमाझीले योग तथा ध्यान प्रशिक्षण प्रदान गरेका समितिका सचिव कृष्णप्रसाद दुलालले जानकारी दिए । पछिल्लो समय स्वास्थ्यप्रति नागरिकको चासो बढ्दै जाँदा नियमित योग, ध्यान र व्यायाम गर्नेहरुको संख्या पनि बढिरहेको छ ।

### चिकित्सक संघको भवन निर्माणमा सहयोग गर्ने घोषणा


# स्वास्थ्यसेवा नागरिकको आधारभूत अधिकार हो: मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले विपन्न नागरिकको क्यान्सरउपचार नि:शुल्क गर्ने तथा नेपाल चिकित्सक संघको भवन निर्माणमा प्रदेश सरकारले आवश्यक सहयोग गर्ने घोषणा गरेका छन् ।

चितवनको भरतपुरमा आयोजित नेपाल चिकित्सक संघ (एनएमए) को ३० औँ राष्ट्रिय चिकित्सा सम्मेलन तथा ५ औँ राष्ट्रिय स्वास्थ्य शिखर सम्मेलन-२०२६ मा मुख्यमन्त्री बानियाँले नेपालमा प्रजातन्त्र स्थापनासँगै संगठित भएको चिकित्सक संघले स्वास्थ्यक्षेत्रको विकास, चिकित्सकको हकहित संरक्षण तथा स्वास्थ्यसम्बन्धी नीति-नियम परिमार्जनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताए । उनले चिकित्सकहरु दिनरात नभनी बिरामीको सेवामा खटिने भएकाले उनीहरुको योगदानको उच्च सम्मान हुनुपर्ने उल्लेख गरे ।

उनले पछिल्लो समय स्वास्थ्य संस्थामा हुने तोडफोड, चिकित्सकमाथि हुने दुर्व्यवहार तथा अराजक गतिविधिप्रति चिन्ता व्यक्त गर्दै चिकित्सकलाई सुरक्षित र




सम्मानजनक वातावरणमा काम गर्ने अवस्था सिर्जना गर्न आवश्यक रहेको बताए । 'चिकित्सकले मानवजीवन बचाउने काम गरिरहेका छन्, केही घटनाका आधारमा सम्पूर्ण चिकित्सक समुदायलाई दोष दिनु उचित हुँदैन,' उनले भने । मुख्यमन्त्री बानियाँले तीन तहको सरकार गठनपछि स्वास्थ्यक्षेत्रमा उल्लेखनीय सुधार भएको दाबी गर्दै बागमती प्रदेश सरकारले अस्पतालहरुको स्तरोन्नति, शैया विस्तार तथा आधुनिक स्वास्थ्य सेवाको विकासलाई प्राथमिकतामा राखेको जानकारी दिए ।

प्रदेशका अस्पतालमा विशेषज्ञ सेवाविस्तार, अत्याधुनिक उपकरण जडान तथा पूर्वाधार विकासको काम भइरहेको उनले बताए । कार्यक्रममा उनले चिकित्सक संघका लागि भवन निर्माणको विषयमा पनि प्रदेश सरकार सकारात्मक रहेको उल्लेख गरे ।

चिकित्सक संघले भवन निर्माणका लागि जग्गा प्राप्त गरिसकेको अवस्थामा प्रदेश सरकारले आगामी बजेटमार्फत् भवन निर्माणका लागि आवश्यक रकम विनियोजन गर्ने प्रतिबद्धता जनाए । मुख्यमन्त्री बानियाँले क्यान्सर रोगीको उपचारलाई प्रदेश सरकारको विशेष प्राथमिकतामा राखिएको बताउँदै चितवनस्थित बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताललगायत स्वास्थ्य संस्थामार्फत् नागरिकलाई थप राहत दिने योजना रहेको जानकारी दिए ।

केन्द्र सरकारले उपलब्ध गराउँदै आएको उपचार सहायतामा प्रदेश सरकारले थप सहयोग गर्दै बिरामीलाई दुई लाख रुपैयाँसम्मको सहायता उपलब्ध गराउने तयारी गरेको उनले बताए । उनले आर्थिकरुपमा कमजोर तथा विपन्न नागरिकलाई लक्षित गर्दै नयाँ कार्यक्रम ल्याउन लागिएको जानकारी दिँदै स्थानीय तहबाट विपन्न भएको सिफारिस प्राप्त गरेका क्यान्सर रोगीको सम्पूर्ण उपचारखर्च प्रदेश सरकारले व्यहोर्ने गरी कार्यविधि तयार गरिने बताए । 'आर्थिक अभावका कारण कुनै पनि नागरिक उपचारबाट वञ्चित हुन नपरोस् भन्ने हाम्रो उद्देश्य हो,' उनले भने, 'आवश्यकता अनुसार बजेट छुट्याएर विपन्न नागरिकको उपचार सुनिश्चित गर्नेछौं ।'

मुख्यमन्त्री बानियाँले चिकित्सकहरु कुनै एक तहको सरकारका नभई सम्पूर्ण नेपाली जनताको सेवामा समर्पित रहेको उल्लेख गर्दै राजनीति भन्दा माथि उठेर सेवाभावका साथ काम गर्नुपर्ने धारणा व्यक्त गरे । स्वास्थ्यसेवा थप प्रभावकारी, गुणस्तरीय र नागरिकमैत्री बनाउन सरकार र चिकित्सक समुदायबीच सहकार्यलाई अझ सुदृढ बनाइने उनको भनाइ थियो । मुख्यमन्त्री बानियाँले स्वास्थ्यसेवा नागरिकको आधारभूत अधिकार भएको बताएका छन् । उनले गुणस्तरीय स्वास्थ्यसेवा सबै नागरिकसम्म पुऱ्याउन सरकार, चिकित्सक र सरोकारवालाबीच सहकार्य आवश्यक रहेको बताए ।

गुणस्तरीय, सर्वसुलभ र प्रविधिमैत्री स्वास्थ्यसेवा आजको आवश्यकता भएको उनको भनाई छ । मुख्यमन्त्री बानियाँले स्वास्थ्य क्षेत्रको विकासबिना समृद्ध समाज निर्माण सम्भव नहुने जिकिर गरे । उनले चिकित्सा शिक्षा, स्वास्थ्य पूर्वाधार विस्तार, विशेषज्ञ सेवा र स्वास्थ्य क्षेत्रमा नयाँ प्रविधिको प्रयोगलाई सरकारले प्राथमिकता दिएको जानकारी दिए ।

स्वास्थ्यकर्मीको योगदानको प्रशंसा गर्दै उनले प्रभावकारी स्वास्थ्यसेवा प्रवाहका लागि सबै पक्ष एकजुट हुनुपर्नेमा जोड दिए । सम्मेलनमा देशभरका चिकित्सक, स्वास्थ्यविज्ञ, नीति निर्माता तथा सरोकारवालाको सहभागिता रहेको थियो । सम्मेलनमा नेपालको स्वास्थ्यक्षेत्रका चुनौती, अवसर र भावी रणनीतिबारे छलफल हुने जनाइएको छ ।

## हेटौंडा-८ का १७ वटै टोलमा सरसफाइ

साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/विश्व वातावरण दिवसको अवसरमा हेटौंडा उपमहानगरपालिका-८ मा आइतबार बृहत् सरसफाइ भएको छ ।

टोल विकास संस्था नगर समन्वय समितिले सञ्चालन गरिरहेको सप्ताहव्यापी वातावरण विशेष कार्यक्रम अन्तर्गत आइतबार वडाका विभिन्न टोलमा सरसफाइ गरिएको हो । टोल विकास संस्था वडासमन्वय समिति वडा नम्बर ८ को आह्वानमा वडाभित्रका १७ वटै टोल विकास संस्थाले आफ्नो कार्यक्षेत्रमा यो कार्यक्रम सम्पन्न गरेका छन् । सरसफाइ कार्यक्रममा स्थानीय बासिन्दा स्वत:स्फूर्तरुपमा घरबाहिर निस्केर सडक, गल्ली, सार्वजनिकस्थल तथा ढलको सरसफाइ गरेका थिए ।

टोल विकास संस्था वडासमन्वय समिति वडा नम्बर ८ का अध्यक्ष कुमार केसीकाअनुसार वातावरण संरक्षण र सरसफाइप्रति नागरिकलाई सचेत गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । 'विश्व वातावरण दिवसको पूर्वसन्ध्यामा नगरसमन्वय समितिको सप्ताहव्यापी योजनाअनुरुप हामीले वडाका सबै १७ वटै टोलमा एकैसाथ सरसफाइ अभियान चलाएका हौं । स्थानीय बासिन्दाको स्वत:स्फूर्त र उत्साहजनक सहभागिताले हाम्रो टोल र वातावरणलाई स्वच्छ राख्न ठूलो मद्दत पुगेको छ,' अध्यक्ष केसीले भने ।

कार्यक्रममा टोल विकास संस्थाका पदाधिकारी, स्थानीय समाजसेवी, युवा तथा आमा समूहका प्रतिनिधिको बाक्लो उपस्थिति रहेको थियो । सहभागीले आफ्नो टोल आफैं सफा राखौं भन्ने नाराका साथ प्लास्टिकजन्य फोहोरको व्यवस्थापन र थुप्रेका फोहोरमैला संकलन गरेका थिए । आगामी दिनमा पनि वातावरणलाई स्वच्छ र हरियाली बनाउन यस्ता रचनात्मक कार्यक्रमलाई निरन्तरता दिइने वडासमन्वय समितिले जनाएको छ ।

# नीति तथा कार्यक्रममाथि छलफल, २० गते पारित गरिने

साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/ बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममाथि आज सोमबारदेखि प्रदेशसभा छलफल हुने भएको छ ।

दिउँसो १ बजे बस्ने बैठकमा नीति तथा कार्यक्रममाथि छलफल हुने प्रदेशसभा सचिवालयले जनाएको छ । सचिवालयकाअनुसार जेठ १८, १९ र २० गते छलफल गरी नीति तथा कार्यक्रम पारित गर्ने कार्यसूची रहेको छ । यही जेठ १२ गते प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले प्रदेशसभामा बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । प्रदेश सरकारले ८३ बुँदे नीति तथा कार्यक्रम सार्वजनिक गर्दै सुशासन, उत्पादन, रोजगारी, सामाजिक न्याय र पूर्वाधार विकासलाई प्राथमिकतामा राखेको छ ।

'गरिबले गरिखाने प्रदेश: बागमती प्रदेश' तथा 'सुखी नागरिक, समृद्ध बागमती' को लक्ष्यसहित सरकारले कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, पर्यटन, सूचनाप्रविधि र वातावरण संरक्षणका कार्यक्रम अघि सारेको छ । सरकारी सेवाप्रवाहलाई डिजिटल र नागरिकमैत्री बनाउँदै 'हेलो सीएम डेस्क', अनलाइन ट्र्याकिङ प्रणाली, केन्द्रीय डाटा सर्भर तथा मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम सञ्चालन



गरिनेछ । मन्त्रालयको संख्या घटाई आठमा सीमित गर्ने र सार्वजनिक खर्चमा मितव्ययिता अपनाउने नीति लिइएको छ । उद्योग, व्यापार र लगानी प्रवर्द्धनका लागि एकद्वार प्रणाली लागू गरिने तथा महिला र युवालाई सीप, उद्यम र रोजगारसँग जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय उत्पादनको ब्रान्डिङ, बजार व्यवस्थापन र साना उद्योग प्रवर्द्धनमा जोड दिइएको छ ।

कृषिक्षेत्रलाई आधुनिकीकरण गर्दै उत्पादन वृद्धि, बाली तथा पशुधन बीमा विस्तार, सहुलियतपूर्ण कर्जा र कृषि उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ । कानुनी व्यवस्था मिलाएर व्यावसायिक गाँजाखेती सञ्चालन गर्ने तयारी पनि नीति तथा कार्यक्रममा समावेश छ । प्रदेश राजधानी हेटौंडालाई साइकल लेन, पैदलमार्ग, नदी कोरिडोर र सांस्कृतिक ग्रामसहित आधुनिक सहरकारुपमा विकास गर्ने लक्ष्य राखिएको छ । प्रदेशसभा भवन, प्रशासनिक भवन र आवास निर्माण सुरु गरिनेछ । स्वास्थ्यक्षेत्रमा डिजिटल स्वास्थ्यसेवा, टेलिमेडिसिन, विशेषज्ञ सेवा विस्तार तथा जोखिमयुक्त गर्भवती र सुत्केरीको नि:शुल्क हवाई उद्धार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

शिक्षातर्फ प्राविधिक तथा व्यावसायिक शिक्षा, स्टिम तथा आईटी विद्यालय, विद्यार्थी ह्याकथन र आईटी स्किल फेलोसिप कार्यक्रम सञ्चालन गरिनेछ । पर्यटन प्रवर्द्धनका लागि 'घुमौं बागमती, बुझौं संस्कृति' अभियान सञ्चालन गरिने तथा प्रत्येक निर्वाचन क्षेत्रमा कम्तिमा एक प्रमुख पर्यटकीय गन्तव्य विकास गरिनेछ । खेलकुद पूर्वाधार, वन संरक्षण, हरित रोजगारी, सहकारी सुधार तथा विपद् व्यवस्थापनलाई नीति तथा कार्यक्रममा उच्च प्राथमिकता दिइएको छ ।






साझाकुरा

## हाम्रो कुरा

# सुखी नागरिक संमृद्ध बागमती

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सार्वजनिक गरेको नीति तथा कार्यक्रमले प्रदेशको समग्र शासन प्रणालीलाई आधुनिक, पारदर्शी र नागरिककेन्द्रित बनाउने स्पष्ट संकेत दिएको छ । प्रदेशसभा बैठकमार्फत् प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले प्रस्तुत गरेका ८३ बुँदे नीति तथा कार्यक्रमले सुशासन, उत्पादन, रोजगारी र सामाजिक न्यायलाई मूलआधार बनाउँदै 'सुखी नागरिक, समृद्ध बागमती' को दीर्घकालीन लक्ष्यलाई अघि सारेको छ । यस सन्दर्भमा शान्ति सुरक्षा सुदृढीकरणका लागि प्रदेश प्रहरी, फरेन्सिक प्रयोगशाला र डिजिटल अपराध निगरानी प्रणाली विस्तार गर्ने प्रतिबद्धता विशेष महत्वको विषय छ । शान्तिसुरक्षा र कानुनी शासन कुनैपनि विकासको आधारस्तम्भ हुन् । पछिल्ला वर्षमा प्रविधिको तीव्र विकाससँगै अपराधका स्वरुप पनि जटिल र डिजिटल बन्दै गएका छन् । साइबर अपराध, आर्थिक अपराध, संगठित अपराध र सामाजिक सञ्जालमार्फत् हुने दुरुपयोगजस्ता चुनौती प्रदेशस्तरमै गम्भीररुपमा देखापर्न थालेका छन् । यस्तो अवस्थामा परम्परागत प्रहरी संरचना र सीमित साधनले मात्र नागरिकको सुरक्षा सुनिश्चित गर्न सक्दैन ।

त्यसैले प्रदेश सरकारले प्रदेश प्रहरीको क्षमता अभिवृद्धि, फरेन्सिक पूर्वाधार सुदृढीकरण र डिजिटल निगरानी प्रणाली विस्तार गर्ने नीति लिनु समयसापेक्ष र दूरदर्शी कदम हो । प्रदेश प्रहरीको संस्थागत सुदृढीकरणले संघीय संरचनामा प्रदेश सरकारको भूमिकालाई थप प्रभावकारी बनाउनेछ । स्थानीय आवश्यकताअनुसार परिचालित, आधुनिक तालिम प्राप्त र प्रविधिमैत्री प्रहरी संरचनाले अपराध नियन्त्रण मात्र होइन, विपद् व्यवस्थापन, सामुदायिक प्रहरी साझेदारी र नागरिकमैत्री सेवामा पनि सकारात्मक प्रभाव पार्नेछ । नीति तथा कार्यक्रममा उल्लेख गरिएअनुसार शून्य सहनशीलताको भ्रष्टाचार नीति र परिणाममुखी बजेट कार्यान्वयनसँग जोडेर हेर्दा, प्रहरी संगठनभित्र पनि पारदर्शिता, जवाफदेहिता र पेशागत आचरणमा सुधार ल्याउने अवसर सिर्जना हुन्छ । फरेन्सिक प्रयोगशालाको विस्तार अर्को महत्वपूर्ण पक्ष हो । वैज्ञानिक प्रमाणमा आधारित अनुसन्धानबिना न्यायिक प्रक्रिया कमजोर हुन्छ । फरेन्सिक प्रविधिले अपराध अनुसन्धानलाई प्रमाणमुखी, छरितो र विश्वसनीय बनाउँछ । डीएनए परीक्षण, डिजिटल फरेन्सिक, विषविज्ञान र अन्य वैज्ञानिक विधिको प्रयोगले अपराधी पहिचानदेखि अभियोजनसम्मको प्रक्रियालाई मजबुत बनाउनेछ । यसले अदालतमा मुद्दा प्रमाणित गर्ने दर बढाउनुका साथै निर्दोष व्यक्ति दण्डित हुने जोखिम पनि घटाउँछ । प्रदेशस्तरमै सक्षम फरेन्सिक प्रयोगशाला सञ्चालन हुन सकेमा संघीय तहमा निर्भरता कमभई समय र खर्च दुवै बचत हुनेछ । डिजिटल अपराध निगरानी प्रणाली विस्तार गर्नु आजको आवश्यकता हो । अनलाइन ठगी, डाटा चोरी, सामाजिक सञ्जाल दुरुपयोग र साइबर आक्रमणजस्ता अपराधले नागरिकको आर्थिक र मानसिक सुरक्षामा गम्भीर असर पारिरहेका छन् । नीति तथा कार्यक्रममा उल्लेख गरिएको डिजिटल निगरानी प्रणाली, केन्द्रीय डाटा सर्भर र अनलाइन ट्र्याकिङ तथा ट्रेसिङ प्रणालीले अपराध रोकथाममा महत्वपूर्ण भूमिका खेल्न सक्छ । यस्ता प्रणाली प्रभावकारी हुनका लागि कानुनीआधार, दक्षजनशक्ति र नागरिकको गोपनीयता संरक्षणबीच सन्तुलन कायम गर्नु अत्यावश्यक छ ।

यद्यपि, नीति घोषणामात्र पर्याप्त हुँदैन । कार्यान्वयन नै यसको वास्तविक परीक्षा हो । प्रदेश सरकारले स्रोतसाधनको यथार्थ मूल्यांकन, दक्षजनशक्ति उत्पादन र अन्तर-सरकारी समन्वयलाई प्राथमिकतामा राख्नुपर्छ । संघीय सरकारसँग अधिकार र स्रोतको स्पष्ट बाँडफाँड, स्थानीय तहसँग सहकार्य र निजीक्षेत्र तथा शैक्षिक संस्थासँग साझेदारी गरेर मात्र आधुनिक सुरक्षा संरचना दीगोरुपमा विकास गर्न सकिन्छ । नागरिकको विश्वास जित्न प्रहरी र सुरक्षानिकायको व्यवहार नागरिकमैत्री, उत्तरदायी र पारदर्शी हुन जरुरी छ । समग्रमा, बागमती प्रदेशको नीति तथा कार्यक्रममा समेटिएको शान्तिसुरक्षा सुदृढीकरणको दृष्टिकोण सकारात्मक र आवश्यक छ । प्रदेश प्रहरी, फरेन्सिक प्रयोगशाला र डिजिटल अपराध निगरानी प्रणालीको विस्तारले सुशासन र सामाजिक स्थायित्वलाई बलियो बनाउनेछ । यदि यी नीति प्रतिबद्धताहरु प्रभावकारीरुपमा कार्यान्वयन भएभने बागमती प्रदेश संघीय प्रणालीभित्र सुरक्षा, सुशासन र नागरिक विश्वासको उदाहरणीय प्रदेश बन्न सक्नेछ । यही नै 'सुखी नागरिक, समृद्ध बागमती' को लक्ष्यतर्फको महत्वपूर्ण कदम हुनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ जेठ १९ गते मंगलबार २ जुन २०२६ । द्वितीया, जेठ कृष्णपक्ष । अनलागा ११४६ ने.सं. । सूर्योदय ५:१० सूर्यास्त ६:५४।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक सन्तोष हुनेछ | तुला | : अधुरा काम सम्पन्न हुनेछ |
| वृष | : धन प्राप्ति हुनेछ | वृश्चिक | : सवारी साधनबाट क्षति हुन सक्नेछ |
| मिथुन | : व्यापारमा नयाँ योजना बन्नेछ | धनु | : रिसाउने बानीले काम बिग्रनेछ |
| कर्कट | : कठिनाई कम हुनेछ | मकर | : नोकरीबाट असन्तोष बढ्नेछ |
| सिंह | : साथीभाइमा मनमुटाव हुनेछ | कुम्भ | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| कन्या | : नयाँ काम समय देखिन्छ | मीन | : धार्मिक कार्यबाट प्रगति हुनेछ |

# नेतृत्वले नबुझेको राष्ट्र र राज्य निर्माणको अन्तर



गणेश अम्गाई

आम मानिस र नीति निर्माण तहमा बस्ने शासकहरूमा राज्य, राष्ट्र, राज्य निर्माण र राष्ट्र निर्माणको आधारभूत भिन्नताबारे ठूलो अन्योल पाइन्छ । राजनीतिशास्त्र र समाजशास्त्रको दृष्टिकोणमा यी अवधारणाहरू पूर्णत: फरक र विशिष्ट छन् । राज्य एक कानूनी, राजनीतिक र मूर्त प्रशासनिक सङ्गठन हो, जसका लागि निश्चित भूगोल, जनसंख्या, सरकार र सार्वभौमसत्ता अनिवार्य चाहिन्छ । यसको विपरीत, राष्ट्र एउटा अमूर्त, सांस्कृतिक र मनोवैज्ञानिक एकता हो, जहाँ मानिसहरू साझा इतिहास, भाषा, रहनसहन र 'हामी एक हौं' भन्ने भावनात्मक भावनाद्वारा बाँधिएका हुन्छन् ।

अर्कोतर्फ, राज्य निर्माणले कर्मचारीतन्त्र, सेना, प्रहरी र कानूनी ढाँचा जस्ता भौतिक एवं शासकीय संरचनाको विकास अर्थात् प्राविधिक पक्षलाई बुझाउँछ । यसको ठीक विपरीत, राष्ट्र निर्माणले ती संस्थाहरूभित्र बस्ने विविध समुदायका नागरिकहरूमा साझा पहिचान, देशभक्ति र राज्यप्रतिको अपनत्व अर्थात् भावनात्मक प्राण भर्ने काम गर्छ । नेपाल जस्तो बहुजातीय र बहुसांस्कृतिक मुलुकमा राज्यका संस्थाहरूलाई सुदृढ र जनमुखी बनाउनु जति आवश्यक छ, त्यत्तिकै मात्रामा सबै नागरिकलाई समान सम्मान र न्याय दिएर एउटै राष्ट्रिय गौरवतर्फ गोलबद्ध गर्नु पनि उत्तिकै अनिवार्य छ ।

### राज्य र राष्ट्रको अन्तर

राज्य र राष्ट्र राजनीतिशास्त्रका दुई आधारभूत स्तम्भ हुन्, जसको भिन्नता बुझ्नु शासन व्यवस्था र समाजको सम्बन्ध केलाउनका लागि अपरिहार्य छ । राज्य मुख्यतया एक कानूनी र राजनीतिक संस्था हो, जसको अस्तित्व स्पष्ट रूपमा देख्न र महसुस गर्न सकिन्छ । कुनै पनि एकाइलाई राज्यका रूपमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्नका लागि निश्चित भौगोलिक सिमाना, त्यहाँ स्थायी रूपमा बसोबास गर्ने जनसंख्या, शासन सञ्चालन गर्ने वैधानिक सरकार र आन्तरिक तथा बाह्य निर्णयहरू स्वतन्त्र रूपमा गर्न सक्ने सर्वोच्च अधिकार अर्थात् सार्वभौमसत्ता हुनैपर्छ । राज्यसँग आफ्ना कानूनहरू पालना गराउन र उल्लैन गर्नेलाई दण्ड दिनका लागि वैधानिक बल प्रयोग गर्ने मूर्त अङ्गहरू सुरक्षित रहन्छन् । विडम्बना, नेपाली राजनीतिज्ञले राज्यको यो वैधानिक शक्तिलाई जनहितमा लगाउनुको सट्टा अक्सर आफ्ना आसेपासे पाल्ने र सत्ता जोगाउने हतियार मात्र बनाएका छन् ।

यसको ठीक विपरीत, राष्ट्र कुनै भौतिक वा कानूनी संस्था नभएर मानिसहरूको मन र मस्तिष्कमा बस्ने एउटा अमूर्त सांस्कृतिक, सामाजिक र मनोवैज्ञानिक अनुभूति हो । राष्ट्रलाई एउटा काल्पनिक समुदायका रूपमा पनि परिभाषित गर्ने गरिन्छ, जहाँ नागरिकहरू भौगोलिक रूपमा टाढा रहेर एकअर्कालाई प्रत्यक्ष नचिने वा नभेटे पनि एउटै अदृश्य भावनात्मक धागोमा बाँधिएका हुन्छन् ।

राष्ट्र बन्नका लागि कुनै निश्चित भौगोलिक सिमाना, सरकार वा कानूनी प्रमाणपत्रको ग्यारेन्टी आवश्यक पर्दैन । यसका मुख्य आधारहरूमा साझा ऐतिहासिक अनुभव, साझा संस्कृति, भाषा, परम्परा र सबैभन्दा महत्त्वपूर्ण कुरा 'हाम्रो सुख-दु:ख साझा छ' भन्ने आन्तरिक मनोविज्ञान हुन् । तर, हाम्रा शासकहरूले यस अमूर्त भावनालाई चुनावी मञ्चमा मात्र सीमित गरेर नागरिकहरू बीचको वास्तविक आपसी सहिष्णुतालाई समेत सस्तो प्रचारबाजीको विषय बनाएका छन् ।

नेपाल यसको उत्कृष्ट उदाहरण हो, जहाँ एउटै राज्य संरचना र एउटै संविधानभित्र १२५ भन्दा बढी जातजाति र बहुभाषिक पहिचान भएका सांस्कृतिक समूह आपसी सहअस्तित्व र सम्मानका साथ ऐतिहासिक कालदेखि बसोबास गर्दै आएका छन् । कहिलेकाहीं यसको विपरीत अवस्था अर्थात् एउटै राष्ट्र विभिन्न राज्यहरूमा विभाजित भएको पनि देख्न सकिन्छ, जस्तै: उत्तर र दक्षिणकोरिया । मानिसहरूको भाषा, संस्कृति र रगत एउटै भए पनि उनीहरू फरक-फरक राजनीतिक र कानूनी राज्य संरचनाको नियमभित्र बस्न बाध्य छन् ।

त्यसैले, राज्यले व्यक्तिलाई नागरिकको कानूनी दर्जा दिन्छ भने राष्ट्रले व्यक्तिलाई आत्मीय पहिचान प्रदान गर्छ । नेपालमा भने यही विविधतालाई एकताको सूत्रमा गाँस्नुको सट्टा राजनीतिक दलहरूले आफ्नो भोट बैङ्क सुरक्षित गर्नका लागि जातीय र क्षेत्रीय भावना भड्काउने खेल खेलिरहेका देखिन्छन् ।

### राज्य निर्माणको संरचनागत र शासकीय ढाचा

राज्य निर्माण मुख्यतया संस्थागत विकास, प्रशासनिक सक्षमता र भौतिक संरचनाको सुदृढीकरणसँग सम्बन्धित एक बहुआयामिक एवं प्राविधिक प्रक्रिया हो । राजनीतिक दृष्टिकोणमा, यो राज्यको वैधानिक शक्तिलाई संस्थागत गर्ने कार्य हो, जसले राज्यलाई एउटा अमूर्त अवधारणाबाट मूर्त र कार्यशील संयन्त्रमा रूपान्तरण गर्छ ।

स्थापित सिद्धान्त अनुसार, राज्य निर्माणको प्राथमिक र अनिवार्य आधार भनेको निश्चित भौगोलिक क्षेत्रभित्र 'भौतिक हिंसाको वैधानिक प्रयोगमा एकाधिकार कायम गर्नु' हो । यसको अर्थ सेना, प्रहरी र गुप्तचर जस्ता सुरक्षा संरचनालाई सुदृढ गरी राज्यबाहेक अन्य कुनै पनि समूह वा व्यक्तिलाई बल प्रयोग गर्ने वा कानून हातमा लिने अधिकार कटौती गर्नु र नागरिकको जीउधनको पूर्ण रक्षा गर्नु हो । हाम्रो सन्दर्भमा भने, दलका कार्यकर्ताले कानून हातमा लिंदा समेत राज्य लाचार बनेर मूकदर्शक बन्नु नै ठूलो बेथिति भएको छ ।

यस प्रक्रियाले राज्यको भौतिक आधार अर्थात् कर्मचारीतन्त्रको कुशलता, निष्पक्ष कानूनी सङ्केतीकरण, कर सङ्कलन प्रणाली र भौतिक पूर्वाधारको सबलीकरणमा जोड दिन्छ । राज्य निर्माणको मुख्य इन्धन वित्तीय क्षमता होह आफ्नै आन्तरिक स्रोतबाट कर सङ्कलन गर्ने र त्यसलाई पारदर्शी रूपमा खर्च गर्ने क्षमता नभएको राज्य सधैं परनिर्भर रहन्छ ।

त्यसैले, एउटा बलियो र सक्षम राजस्व प्रशासन खडा गर्नु, करको दायरा विस्तार गर्नु र सङ्कलित रकमलाई विना ढिलासुस्ती सेवा प्रवाहमा रूपान्तरण गर्न सक्ने व्यावसायिक कर्मचारीतन्त्रको विकास गर्नु नै राज्य निर्माणको वास्तविक सफलता हो । राज्यका प्रमुख अङ्गहरू– कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको संस्थागत क्षमता बढाउनु यसको मूल ध्येय हो । तर नेपालमा कर सङ्कलन प्रणाली सर्वसाधारणलाई चुस्ने र ठूला तस्करहरूलाई उन्मुक्ति दिने माध्यम बनेकाले वित्तीय क्षमता सधैं वैदेशिक ऋणको भारमुनि थिचिएको छ ।

वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रमा सिंहदरबारमा सीमित वैधानिक शक्तिलाई सात प्रदेश र ७५३ स्थानीय तहमा विस्तार गरिएकाले अहिले राज्य निर्माणको प्रक्रिया तलबाट माथि मोडिएको छ । यद्यपि, स्थायी संरचनाहरूमा दलीय राजनीतीकरण हावी हुनु, योग्यता प्रणालीको अभाव हुनु, उच्च तहमा नीतिगत भ्रष्टाचार संस्थागत हुनु र तीव्र गतिमा दक्ष जनशक्तिको विदेश पलायन हुनु राज्य निर्माणका प्रमुख चुनौती हुन्, जसले राज्यको संस्थागत साख र सेवा प्रवाह क्षमतालाई गम्भीर रूपमा कमजोर बनाएका छन् । अधिकार गाउँमा पुग्ने भनिए पनि व्यवहारमा भ्रष्टाचार र बेथिति मात्र गाउँगाउँमा विकेन्द्रीकृत भएको छ, जसले गर्दा लाचार राज्य आफ्नै बोझले थिचिएको महसुस हुन्छ ।

### राष्ट्र निर्माणको भावनात्मक र समावेशी एकता

राष्ट्र निर्माण भनेको राज्य निर्माण जस्तो भौतिक वा प्राविधिक कार्य नभएर मानिसहरूको मन, भावना, चेतना र दृष्टिकोणलाई एकापसमा जोड्ने एक अमूर्त, जैविक र दीर्घकालीन प्रक्रिया हो । यसको मूल उद्देश्य राज्यको भौगोलिक सीमाभित्र बसोबास गर्ने विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति र क्षेत्रीय पहिचान भएका मानिसहरूमा 'हामी सबै यसै देशका समान नागरिक हौं र हाम्रो भविष्य साझा छ' भन्ने सामूहिक राष्ट्रिय पहिचान र देशभक्तिको भावना जागृत गराउनु हो ।

राष्ट्र निर्माणले राज्यका भौतिक संस्थाहरूभित्र बस्ने नागरिकहरूमा सामाजिक पूँजी, पारस्परिक सद्भाव, आपसी विश्वास र राज्यप्रतिको अटुट अपनत्व विकास गर्ने काम गर्छ । यो समाजभित्रैबाट स्वत:स्फूर्त रूपमा पुस्तौं लगाएर विकास हुने भावनात्मक एकता हो । यद्यपि, नेपालका मञ्चहरूमा राष्ट्रिय एकताका ठूला गफ हाँक्ने नेताहरूले भित्रभित्रै नागरिकको मन दुखाएर समाजलाई भावनात्मक रूपमा टुक्रा-टुक्रा पारिरहेका छन् ।

राष्ट्र निर्माणका सूचकहरू अमूर्त र अदृश्य हुन्छन्, जसलाई कुनै भौतिक मापदण्ड वा भवनको संख्या हेरेर नाप्न सकिंदैन । अन्तर्राष्ट्रिय खेलकुद मैदानमा राष्ट्रिय टोली वा झन्डा देख्दा नागरिकको आँखामा आउने गर्वको आँसु, महाविपत्ति वा भूकम्पका बेला जात, धर्म र क्षेत्र नभनी एकापसमा गरिने नि:स्वार्थ सहयोग र राष्ट्रिय सङ्कटका बेला स्वत:स्फूर्त रूपमा प्रदर्शन हुने अभूतपूर्व एकता नै राष्ट्र निर्माण बलियो भएको वास्तविक प्रमाणहरू हुन् ।

राष्ट्र निर्माणको सफल यात्रामा राज्यले आफ्ना सबै नागरिकलाई न्याय, समानता र पहिचानको प्रत्याभूति दिनुपर्छ । जब राज्यका नीतिहरू समावेशी र समतामूलक हुन्छन्, तब मात्र सीमान्तकृत र अल्पसंख्यक समुदायहरूमा पनि 'यो राज्य मेरो हो' भन्ने भावना दृढ बन्छ । तर, जब आमजनता अस्पतालमा बेड नपाएर छट्पटिन्छन् र नेताहरू विदेशी अस्पतालमा सरकारी खर्चमा उपचार गराउँछन्, तब राष्ट्र निर्माणको त्यो भावनात्मक धागो नराम्रोसँग चुँडिन्छ । विगतमा अपनाएको एउटै भाषा र एउटै भेषको केन्द्रीकृत एकरूपताको नीतिले नेपालको बहुसांस्कृतिक यथार्थलाई पूर्ण रूपमा समेट्न सकेको थिएन, जसले गर्दा विभिन्न समयमा पहिचान र अधिकारका आन्दोलनहरू भए । वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रमा राष्ट्र निर्माणको अर्थ सबै विविधतालाई सम्पत्ति मानेर सबै जातजाति र भाषालाई राज्यको मूलधारमा समान सम्मान, समान अवसर र न्यायोचित प्रतिनिधित्व दिनु हो । नेपाल जस्तो विविधतायुक्त मुलुकमा नागरिक राष्ट्रवादमा आधारित समावेशी र न्यायपूर्ण राष्ट्र निर्माणको कार्यदिशा अपनाएर मात्र सबै नागरिकलाई एउटै राष्ट्रिय गौरवतर्फ गोलबद्ध गर्न सम्भव हुन्छ । तर विडम्बना, नयाँ व्यवस्थामा पनि समावेशिता नेताका नातागोता र चाटुकारहरूलाई सरकारी पद बाँड्ने लाइसेन्स जस्तो मात्र बन्न पुगेको छ ।

### निष्कर्ष

राज्य, राष्ट्र, राज्य निर्माण र राष्ट्र निर्माणको समग्र बहसबाट के स्पष्ट हुन्छ भने, कुनै पनि मुलुकको स्थायित्व र समृद्धिका लागि भौतिक संरचना जति बलियो हुनुपर्छ, त्यसभित्र बस्ने नागरिकको भावनात्मक एकता पनि त्यत्तिकै प्रगाढ हुन अनिवार्य छ । बलिया र निष्पक्ष संस्थाहरू विनाको राष्ट्रिय भावना दिशाहीन हुन सक्छ भने, नागरिक अपनत्व र देशभक्ति विनाका बलिया शासकीय संस्थाहरू निरङ्कुश र दमनकारी संयन्त्रमा परिणत हुन सक्छन् ।

नेपाल हाल एक महत्त्वपूर्ण ऐतिहासिक सङ्क्रमणकाल र मिश्रित अभ्यासबाट गुज्रिरहेको छ । हामीले संघीयता मार्फत समावेशी र लोककल्याणकारी राज्यको लक्ष्य संविधानमा निर्धारण गरिसकेका छौं । अबको वास्तविक आवश्यकता भनेको राज्यका स्थायी स्तम्भहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखी योग्यता प्रणालीमा आधारित बनाउनु र शासकहरूमा राज्य र राष्ट्रको स्पष्ट चेत खुलाउनु हो ।

सुशासन मार्फत नागरिकको जीवनस्तर उकास्दै र देशको सांस्कृतिक विविधतालाई राष्ट्रिय पूँजीका रूपमा कदर गर्दै अघि बढेमा मात्र देशको साझा राष्ट्रिय सङ्कल्प पूरा भई एउटा न्यायपूर्ण र सुदृढ राष्ट्र-राज्यको निर्माण सम्भव हुनेछ । जबसम्म नेताहरूले कुर्सीको मोह त्यागेर देशको भूगोल र जनतालाई केन्द्रमा राख्दैनन्, तबसम्म हाम्रो राष्ट्रवाद भाषणमा मात्र बहकिरहनेछ र राज्य सधैं लाचार बनिरहनेछ ।

*(साभार: अनलाइनखबर)*

# संसद्को उपेक्षा र कार्यकुशलताको अभाव

श्रीमन नारायण

संसदीय लोकतन्त्रलाई विश्वकै सर्वोत्तम शासन प्रणाली मानिन्छ । संसद् भनेको सत्तालाई वैधानिकता दिने र त्यसलाई राख्ने सार्वभौम जनताका प्रतिनिधिहरुको थलो हो । जनताको मतादेश प्राप्त गरेर संसद्मा गरिमा बढाउने काम हुन्छ । संसद् भनेको मन्दिर हो भन्ने सांसदहरु त्यसका पुजारी हुन् । पुजारीको निष्ठा र व्यवहारले नै मन्दिरको पवित्रतालाई कायम राख्ने गर्दछ ।

नेपालमा साढे दुई महिनाअघि सम्पन्न भएको संसदीय निर्वाचनमा नेपाली जनताले राष्ट्रिय स्वतन्त्र पार्टीप्रति अत्यधिक विश्वास गर्दै दुई तिहाइको जनादेश दिए । अपार बहुमतको समर्थनलाई रास्वपाले पुँजीकृत गर्न सकिरहेको छैन । यस पार्टीबाट प्रधानमन्त्री बनेका व्यक्तिमा अहंकार देखिन्छ । यस अहंकारका कारण राष्ट्रपति, प्रतिनिधिसभाका सभामुख र प्रतिनिधि सभाको समेत सम्मान भइरहेको छैन । लोकतन्त्रमा जनादेश चिर स्थायी हुँदैन । फेरि नेपालजस्तो देशमा त सडक प्रदर्शनमार्फत नै व्यवस्था र सरकार परिवर्तन भएका अनेकौं दृष्टान्तहरु छन् ? यस्तोमा सत्ताधारी रास्वपाको यो अहंकार ठीक होइन ।

चुनावको बेलामा राजनीतिक दलहरु जनतासामु मत माग्न जाँदा चुनावी घोषणापत्र लिएर जान्छन् । विगत केही समयदेखि केही सीमित विषयहरुलाई समेटेर प्रतिबद्धतापत्र मात्रै प्रस्तुत गर्ने काम हुन्छ । चुनावमा सफल भएका राजनीतिक दलहरु आफ्नो प्रतिबद्धतालाई सरकारको नीति-कार्यक्रममा समावेश गरी त्यसलाई मूर्तरुप प्रदान गर्ने गर्दछन् । सरकारको नीति, कार्यक्रमलाई राष्ट्रपतिको सम्बोधनमार्फत सार्वजनिक गर्ने गरिन्छ । राष्ट्रपतिलाई नेपालको संविधानको संरक्षक र अभिभावक भनिएको छ ।

राष्ट्रको प्रथम नागरिक मानिएका राष्ट्रपतिको गरिमामय पदको सम्मान सबैले गर्नुपर्छ । राष्ट्रपतिले नेपालमा गणतन्त्रको स्थापना र गरिमामा कहिल्यै कमी आउन दिएनन् । यसपटक अस्तित्वमा आएको सरकारको व्यवहार भने फरक देखियो । राष्ट्रपतिलाई आफ्नो नीति तथा कार्यक्रम बाचन गर्न लगाएर सांसदहरु एक-अर्कासँग भलाकुसारी गरिरहेका थिए । संसद्को वर्षभरिको सबैभन्दा महत्वपूर्ण क्षणमा राष्ट्रपतिको सम्बोधन चलिरहँदा नै प्रधानमन्त्री बालेन्द्र साह जुरुक्क उठेर हिंडेको भिडियो पूरै देशले हेर्‍यो । प्रधानमन्त्री संसद्बाट हिंडेको आधा घण्टापछिसम्म राष्ट्रपतिले सरकारको नीति, कार्यक्रम बाचन गरेका थिए । राष्ट्रपति कुनै व्यक्तिको आसन होइन, नेपाली जनताको लामो संघर्ष र बलिदानवाट स्थापित संस्था हो ।

नेपालमा गणतन्त्रको स्थापनार्थ हजारौं व्यक्तिले आफ्नो ज्यानको आहुति दिएका छन् । सत्ताधारी रास्वपालाई यसको मूल्य थाहा नहुन पनि सक्छ तर नेपाली जनतालाई अवश्य पनि छ । सत्ताधारी राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरु संसद्मा जे-जस्तो व्यवहार गरिरहेका छन्, त्यसले संसदीय लोकतन्त्रको आत्मामाथि प्रहार गरिरहेको छ । राष्ट्रपतिले रास्वपाका सरकारको नीति एवं कार्यक्रमहरुलाई बाचन गरिरहेका थिए । बालेन सरकारले राष्ट्रपतिलाई बाचन गर्न दिएको कागज थियो ।

आफ्नै सरकारको नीति एवं कार्यक्रमप्रति सत्ताधारी दलका सांसदहरुको विश्वास देखिँदैन । राष्ट्रपतिको सम्बोधन चलिरहँदा प्रधानमन्त्रीले संसद्बाट एक्कासि उठेर बाहिरिनु एक किसिमले राष्ट्रपतिको अपमान हो । यस्तो अवस्थामा राष्ट्रपतिले पनि आफ्नो पदबाट राजीनामा गरी नैतिकताको उच्च मापदण्ड स्थापित गर्न सक्थे । नेपालमा मात्रै होइन, विश्वका प्राय: सबैजसो देशहरुमा राष्ट्रपतिको पदको गरिमाको सम्मान हुनुपर्छ ।

बालेन साह प्रधानमन्त्री बनेपछि न त उनले नेपाली जनताका नाममा सम्बोधन गरेका छन्, न त राष्ट्रपतिसँग शिष्टाचार भेट नै गरेका छन् । संसद्मा उभिएर सम्बोधन गरेका छैनन् । सरकारको नीति-कार्यक्रममाथि भएको छलफलमा उठेका प्रश्नहरुको जबाफ दिने बखत प्रधानमन्त्री प्रतिनिधिसभाबाट जुरुक्क उठेर निस्किहाले । सत्ताधारी दलका कतिपय समर्थक नेता, कार्यकर्ता र बुद्धिजीवीहरु प्रधानमन्त्रीको बचाउमा यो तर्क अघि राख्छन् कि प्रधानमन्त्रीले नै संसद्मा आएर जबाफ दिनुपर्छ भन्ने कुरा संविधानमा लेखिएको छैन । संविधानमा त धेरै कुरा लेखिएको हुँदैन । खानु, नुहाउनु, नित्यकर्म गर्नु, रोग लागेमा डाक्टरको जानु, लेख्नु र पढ्नु पनि लेखिएको हुँदैन, तर जनता उपरोक्त कार्यहरु गर्छन् । लाग्छ, प्रधानमन्त्रीलाई बहुमतको अहंकार छ । प्रतिनिधिसभामा प्रवेश गर्दा र निस्किँदा पनि शिष्टाचार, सदासयता र सफदयताको प्रदर्शन उनीबाट भएको हुँदैन । काठमाडौंका मेयर हुनु र देशको प्रधानमन्त्री हुनु फरक-फरक विषय हो । एउटा मेयरको जिम्मेवारी सीमित भूगोलभित्र हुन्छ तर देशको प्रधानमन्त्री भनेको तीन करोड जनताको चाहना र अपेक्षालाई पूरा गर्नु हो, सम्बोधन गर्नु हो ।

प्रधानमन्त्रीको इमानदारीमाथि शंका गर्ने ठाउँ छैन, उनको नियत पनि ठिक्कै होला, अन्तरमुखी स्वभावका व्यक्ति एक्लो बस्न मन पराउँछन् अथवा आफ्नो खास-खास सहयोगी साथीहरुमाथि मात्रै विश्वास गर्छन् । तर देशको प्रधानमन्त्री पदमा नियुक्त भइसकेपछि व्यक्तिको निजी चाहना, महत्वाकांक्षा र रोजाइमाथि ब्रेक लाग्छ । सार्वजनिक जीवन बिताउनेले स्थापित मूल्य, मान्यता, परम्परा र संस्कारको पालन गर्नुपर्छ । संसद् तथा राष्ट्रपतिको सम्मान गर्ने सवालमा प्रधानमन्त्री अवश्य पनि चुकेका छन् ।

राष्ट्रपतिको सम्मान हुनुपर्छ । राष्ट्रपतिको सम्मान गर्नुको अर्थ गणतन्त्र र संविधानको सम्मान गर्नु पनि हो । संसद्को सम्मान गर्नुको अर्थ संसदीय व्यवस्थाको सम्मान गर्नु हो । नेपाली मतदाताले रास्वपालाई दिएको दुई तिहाइ बहुमतको जिम्मेवारी सुशासन र पारदर्शिताका लागि संघीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउनका लागि हो । रास्वपाले वर्तमान संविधानमाथि आस्था राखेर नै चुनावमा भाग लिएको थियो ।

संघीय लोकतान्त्रिक गणतन्त्रको विकल्पको बारेमा नेपाली जनताले सोचेको छैनन् । तसर्थ राज्यका संस्था, प्रक्रिया र परम्परालाई न्यूनतम मर्यादा दिनु बालेन सरकारको पनि कर्तव्य हो र सरकार पनि यस दिशामा गम्भीर नै रहनेछ । वि.सं. २०५२ मा नेकपा एमालेको अल्पमत सरकारमाथि विपक्षी दलहरुले अविश्वासको प्रस्ताव दर्ता गराएका थिए । अविश्वास प्रस्तावमाथि भएको चर्चामा सरकारको पक्ष राख्न तात्कालीन प्रधानमन्त्री मनमोहन अधिकारी अस्पतालको सघन उपचारकक्षबाट स्ट्रेचर चढेर प्रतिनिधिसभामा आएका थिए । स्वास्थ्यले अनुमित नदिए पनि पाँच-दश मिनेट जति सम्बोधन गरेर उनी पुन: अस्पताल फर्केका थिए, उनको अनुपस्थितिमा तात्कालीन उपप्रधान, विदेश एवं रक्षामन्त्री माधवकुमार नेपालले प्रतिनिधिसभामा प्रतिनिधित्व गरेका थिए । विगत साढे तीन दशकमा प्रतिनिधिसभामा विश्वास नभएका दलहरु नेपालमै छैनन् ।

सत्ताधारी दलका सभापति र प्रधानमन्त्री बीच समन्वयको अभाव छ । सरकार गठनमा पनि पार्टी सभापतिको कुनै सीप चलेन । अधिकांश मन्त्रीहरु प्रधानमन्त्रीप्रति बफादार छन् । प्रतिनिधिसभामा दुई तिहाइ बहुमत हुँदा पनि प्रधानमन्त्रीले हतारमा अध्यादेश ल्याउने काम गरे । जबकि प्रतिनिधिसभाको बैठक पनि अवश्यम्भावी नै थियो ।

यता महँगी नियन्त्रण, भ्रष्टाचारीमाथि कारबाही, सहकारी ठगीका दोषीहरुलाई पक्राउ गरी तिनको सम्पत्तिलाई लिलाम गरी राज्यकोषमा जम्मा गर्नुपर्ने हो तर उल्टै सरकारले राज्यकोषबाट नै सहकारी ठगीका पीडितलाई राहत दिने काम गरिरहेको छ । जुन उत्साह र विश्वासका साथ रास्वपालाई जनताले मत दिएका थिए, त्यसको अपमान भइरहेको छ । अर्कोतिर डिजेलको मूल्यमा वृद्धि भएपछि किसानहरुमाथि समस्या आइपरेको छ । अहिले खेत जोताइ १४ सयबाट बढेर २५ सय प्रतिघण्टा, डीएपी (खाद मूल्य) २२ सयवाट ४ हजार र युरिया ८ सयबाट २ हजार रुपियाँ पुगेको छ । कूटनीतिक क्षेत्रमा पनि प्रगति हुन सकेको छैन । हाम्रो जस्तो समन्वय र सन्तुलनमा अगाडि बढ्ने देशले विदेशी शक्तिलाई जिस्क्याउनु अनि कुनै सन्देश लिएर आउने मित्र राष्ट्रका प्रतिनिधिहरुसमेतको बेवास्ता गर्नु दुर्भाग्यपूर्ण हो । यस्ता हरेक कार्यमा कार्यकुशलता हुनुपर्छ अनि मात्र मुलुक प्रगतिपथमा लम्किनेछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# सुर्तीजन्य पदार्थकै कारण वर्षेनी ३९ हजार नेपालीले गुमाउँछन् ज्यान



साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/ नेपालमा सुर्तीजन्यपदार्थका कारण प्रत्येक वर्ष ३९ हजारभन्दा बढी मानिसको मृत्यु हुने गरेको छ ।

विश्व सुर्तीजन्य पदार्थ रहित दिवसका अवसरमा आईतवार काठमाडौंमा आयोजित कार्यक्रममा बोल्दै स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका अतिरिक्त सचिव डा. श्रीकृष्ण श्रेष्ठले जानकारी दिएका छन् । उनले सुर्तीजन्यपदार्थका कारण विश्वभर प्रत्येक वर्ष करिव ८० लाख मानिसको मृत्यु हुने गरेको जानकारी गराए । सचिव श्रेष्ठले मुटुरोग, क्यान्सर, श्वास प्रश्वाससम्बन्धी रोग तथा अन्य नसर्ने गम्भीर रोगको प्रमुख कारण सुर्तीजन्यपदार्थ रहेको बताएका छन् । उनले सुर्तीजन्यपदार्थले मानव स्वास्थ्यमात्र नभई राष्ट्रिय अर्थतन्त्रमा समेत गम्भीर क्षति पुऱ्याइरहेको बताए । उनले सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमानका लागि नेपाल सरकारले सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ लगायत विभिन्न कानूनी तथा नीतिगत व्यवस्था कार्यान्वयन गर्दै आएको जानकारी गराए ।

उनले नेपाल विश्व स्वास्थ्य संगठनको फ्रेमवर्क कन्भेन्सन अन टोबाको कन्ट्रोलप्रति पूर्णरुपमा प्रतिवद्ध रहेको उल्लेख गर्दै सार्वजनिक स्थानमा धुम्रपान निषेध, सुर्तीजन्य पदार्थको विज्ञापन तथा प्रवर्द्धन नियन्त्रण, सतप्रतिशत चित्रसहितको स्वास्थ्य चेतावनी र करनीतिलाई नियन्त्रणाका प्रमुख उपायका कार्यान्वयन गरिरहेको बताए । यद्यपि, अगामी आर्थिक वर्षमा सुर्तीजन्यपदार्थमा लगाइएको कर अपेक्षाकृत कम रहेको भन्दै असन्तुष्टि जनाए । 'सुर्तीजन्य पदार्थको कारण विश्वमा हरेक वर्ष ८० लाख मानिसको मृत्यु हुने गरेको छ । नेपालमा मात्रै हरेकवर्ष सुर्तीजन्य पदार्थ सेवनको कारण ३९ हजारले ज्यान गुमाइरहेका छान् । मुटुरोग, क्यान्सर, स्वासप्रश्वाससम्बन्धी रोग तथा अन्य नसर्ने गम्भीर रोगको मुख्य कारकको रुपमा सुर्तीजन्यपदार्थ रहेको' उनले बताए ।

'सुर्तीजन्य पदार्थले मानव स्वास्थ्यमा मात्र नभई अर्थतन्त्रमा समेत ठुलो क्षति पुऱ्याइरहेको छ । नेपाल सरकारले सुर्तीजन्यपदार्थ नियन्त्रण तथा नियमन ऐन, २०६८ लगायत विभिन्न कानूनी तथा नीतिगत व्यवस्था लागु गर्दै आएको' सचिव श्रेष्ठले भने, 'नेपाल डब्लूएचओ नेपाल विश्व स्वास्थ्य संगठनको फ्रेमवर्क कन्भेन्सन अन टोबाको कन्ट्रोल पूर्णरुपमा सुर्तिजन्य पदार्थ नियन्त्रणका लागि पूर्णरुपमा प्रतिवद्ध रहेको छ ।

सार्वजनिक स्थानमा धुम्रपान निषेध, विज्ञापन तथा प्रवर्द्धनमा प्रतिवद्ध, सतप्रतिशत चित्रसहितको स्वास्थ्य चेतावनी र करनीति सुर्तिजन्यपदार्थ नियन्त्रणका मुख्य नीतिहरु हुन् । तर, यो पटक करनीति कम हुँदा चित्त दुखिरहेको छ ।' कार्यक्रममा स्वास्थ्यक्षेत्रका सरोकारवालाले सुर्तीजन्यपदार्थको खपत घटाउन करनीतिको प्रभावकारी कार्यान्वयन र नागरिकस्तरमा जनचेतना अभिवृद्धि आवश्यक रहेको बताए ।

# थाहाको टिष्टुङ रिसोर्टमा स्वीमिङको मज्जा लिन पाइने

साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/ मकवानपुरको पर्यटकीय नगरी थाहा नगरपालिकाको टिष्टुङ रिसोर्टमा अब विभिन्न परिकारका खाना, प्राकृतिक मनोरमताको साथै स्वीमिङको मज्जा लिन पाइने भएको छ ।

फराकिलो परिसर भएको टिष्टुङ रिसोर्टमा एक कार्यक्रमकाबीच स्वीमिङ पुलको उद्घाटन भएको छ । कार्यक्रमका प्रमुख तथा विशेषअतिथि नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछाने र होटल व्यवसायी महासंघका अध्यक्ष शंकर भण्डारीले संयुक्तरुपमा स्वीमिङ पुलको उद्घाटन गरेका हुन् । प्राकृतिक मनोरमताको साथै काठमाडौंबाट नजिक रहेको थाहा नगरपालिका-६ स्थित टिष्टुङ रिसोर्टमा पर्यटकका लागि स्वीमिङ पुल अर्को आकर्षणको केन्द्र भएको पर्यटन बोर्ड गण्डकीका प्रमुख लामिछानेले बताए । चित्लाङ, टिष्टुङ (हाल बज्रवाराहीक्षेत्र) ऐतिहासिक तथा साँस्कृतिकरुपले महतपूर्ण भएको लामछिानेले चर्चा गरे ।

उनले थाहानगरक्षेत्रमा नै पर्यटनमैत्री वातावरण रहेको बताए । सन् २०१८ मा पर्यटकीय गाउँ घोषणा भएको कुन्छालको छेवैमा रहेको टिष्टुङ रिसोर्टले थाहा नगरकै पर्यटन प्रवर्द्धनमा योगदान दिने उनको विश्वास रहेको थियो । कार्यक्रममा होटल व्यवसायी महासंघका अध्यक्ष शंकर भण्डारीले अतिथि उद्यमअन्तर्गत टिष्टुङ रिसोर्टको योगदान पर्यटन प्रवर्द्धनमै केन्द्रित रहेको बताउँदै होटल, रिसोर्ट रेष्टुरेन्ट खुल्नु सुखद् भएको बताए । थाहा नगरपालिका पर्यटकीय नगरी भएको विषय केन्द्रित गर्दै भण्डारीले पर्यटन उद्यमीलाई प्रोत्साहनका कार्यक्रम स्थानीय सरकारले ल्याउनसके यसक्षेत्रको विकासका लागि थप टेवा पुग्ने बताए ।

रिसोर्टले आफ्ना अतिथिलाई उपलब्ध गराएको स्वीमिङ पुल एउटा महत्वपूर्ण 'कम्पोनेन्ट' भएको उनको धारणा थियो । उनले पर्यटन प्रवर्द्धन तथा विकासका लागि सरकारी, निजी तथा सर्वसाधारणको समेत उत्तिकै भूमिका हुने उल्लेख गरे । रिसोर्टका अध्यक्ष हरिगोपाल श्रेष्ठले कार्यक्रमका अतिथिलाई स्वागत गरेका थिए । कार्यक्रममा रिसोर्ट सञ्चालक, स्थानीय संघसंसथाका पदाअधिकारी, पत्रकार र स्थानीयको उपस्थिति थियो । कार्यक्रम रिसोर्टका अध्यक्ष श्रेष्ठको सभाध्यक्षतामा भएको थियो ।

# हेटौंडा-१० मा कौसीखेती तथा उद्यमशीलता तालिम




साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/हेटौंडा उपमहानगरपालिका-१० को कार्यालय र तरङ्ग सांस्कृतिक परिषद्को सहकार्यमा सञ्चालन गरिएको कौसीखेती तथा उद्यमशीलता तालिम सम्पन्न भएको छ ।

वडा नम्बर १० भित्रका विभिन्न टोल विकास संस्थाका ३१ जना महिला तथा पुरुष सहभागी रहेको तालिमको समापन कार्यक्रममा वडाअध्यक्ष फुर्वादोर्जे लामा प्रमुख अतिथिकारुपमा सहभागी थिए । समापन समारोहमा वडाअध्यक्ष लामाले जलवायु परिवर्तन, सहरीकरणको बढ्दो दबाब, रोजगारीको चुनौती, घट्दो कृषिउत्पादन तथा विषादियुक्त खाद्यवस्तुको बढ्दो प्रयोगजस्ता समस्याको समाधानका लागि कौसीखेती प्रभावकारी विकल्प बन्न सक्ने बताए । उनले सहरी क्षेत्रमा उपलब्ध सीमित स्थानको अधिकतम उपयोग गर्दै ताजा तथा स्वस्थ्य खाद्य उत्पादन गर्न कौसीखेती महत्वपूर्ण माध्यम रहेको उल्लेख गरेका छन् । कार्यक्रमका सभाध्यक्ष एवम् परिषद्का कोषाध्यक्ष ईन्द्रप्रसाद नेपालले स्थानीय सरकारको सहयोगमा सञ्चालन गरिएको तालिम उपलब्धिमूलक रहेको बताएका छन् । सहभागीको स्वमूल्यांकनबाट समेत तालिम प्रभावकारी देखिएको उल्लेख गर्दै आगामी आर्थिक वर्षको योजनामा यस्ता कार्यक्रमलाई प्राथमिकतामा राख्न वडा कार्यालयसँग आग्रह गरेका छन् ।

तालिम संयोजक प्रद्युम्न उपाध्यायले आधुनिक प्रविधिप्रति बढ्दो आकर्षणकाबीच परिवार, समाज र प्रकृतिबीचको सम्बन्धलाई मजबुत बनाउन कौसीखेती उपयोगी हुने बताएका छन् । उनले कौसीखेतीले वातावरणीय सचेतना, सामाजिक सहभागिता र आत्मनिर्भरतालाई प्रोत्साहन गर्ने धारणा राखे ।

समापनका अवसरमा वडाअध्यक्ष लामा, वडासदस्य ईश्वर मैनाली तथा परिषद्का कोषाध्यक्ष नेपालले सहभागीलाई बीउ, मल र गमला वितरण गरेका थिए । उनीहरुले तालिमबाट प्राप्त ज्ञान र सीपलाई व्यवहारमा उतार्दै वडामा कौसीखेतीलाई उदाहरणीय अभियानकारुपमा विकास गर्न आग्रह गरे । तालिमका सहजकर्ता राधा कोइरालाले सहभागीलाई कौसीखेतीका लागि उपयुक्त तरकारी तथा फलफूल, बीउ छनोट, मल व्यवस्थापन, मौसमीखेती, जैविक कीटनाशक निर्माण तथा ग्राफ्ट प्रविधिबारे व्यावहारिक जानकारी दिए ।

कार्यक्रममा सहभागीले तालिमबाट प्राप्त ज्ञानलाई व्यवहारमा लागू गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । तालिम पश्चात् कौसीखेतीको प्रगति वडा कार्यालय र परिषद्को संयुक्त अनुगमनमार्फत मूल्यांकन गरिने जानकारी दिइएको छ ।

परिषद्का प्रतिनिधिले कौसीखेतीलाई उद्यमशीलतासँग जोड्नसके स्थानीयस्तरमै रोजगारी सिर्जना गर्न सकिने विश्वास व्यक्त गर्दै कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबै सहभागी तथा व्यवस्थापन टोलीप्रति आभार व्यक्त गरेका थिए ।

# चित्लाङ-थानकोट सडक दुईसाताका लागि पूर्ण बन्द



साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/ काठमाडौंलाई मकवानपुर हुँदै हेटौंडासँग जोड्ने छोटो तथा महत्वपूर्ण थानकोट-चन्द्रागिरी-चित्लाङ सडकखण्ड आइतबारदेखि दुईसाताका लागि पूर्णरुपमा बन्द गरिएको छ ।

सडक स्तरोन्नति तथा निर्माणकार्यका लागि जेठ १७ गतेदेखि ३० गतेसम्म सडकमा सवारी आवागमन रोकिएको हो । सडक डिभिजन कार्यालय काठमाडौंले चन्द्रागिरी नगर पालिका र थाहा नगरपालिकालाई पत्राचार गर्दै पानीघट्टदेखि चित्लाङ बजारसम्मको सडकखण्ड १४ दिनका लागि पूर्णरुपमा बन्द रहने जानकारी दिएको छ । कार्यालयका अनुसार सडक सुधार, कटिङ, ढलान, नाली निर्माण तथा अन्य स्तरोन्नति कार्य तीव्ररुपमा सञ्चालन भइरहेका कारण निर्माणस्थलमा सवारी सञ्चालन गर्दा दुर्घटनाको जोखिम बढेको छ । निर्माण कार्यलाई प्रभावकारीरुपमा सम्पन्न गर्न तथा यात्रु र कामदारको सुरक्षालाई प्राथमिकता दिँदै अस्थायीरुपमा सडक बन्द गर्ने निर्णय गरिएको हो ।

काठमाडौंबाट मकवानपुर तथा हेटौंडातर्फ छोटो दूरीमा यात्रा गर्न सकिने भएकाले दैनिक सयौं सवारीसाधन यो सडक प्रयोग गर्दै आएका छन् । तर, सडकको भौगोलिक अवस्था जटिल हुनु, साँघुरा घुम्ती, भीरयुक्त क्षेत्र तथा निर्माणाधीन खण्डमा सवारी सञ्चालन भइरहँदा निर्माणकार्य प्रभावित हुँदै आएको सडक डिभिजन कार्यालयले जनाएको छ । विशेषगरी सडक फराकिलो बनाउने, ढलान गर्ने तथा भारी निर्माण सामग्री ओसारपसार गर्ने क्रममा सवारी आवागमनले काममा अवरोध पुऱ्याएको कार्यालयको भनाइ छ ।

कतिपय स्थानमा सडकको एकतर्फी भाग मात्रै सञ्चालनयोग्य रहेकाले दुर्घटनाको जोखिम बढेको जनाइएको छ । सडक डिभिजन कार्यालयका डिभिजन प्रमुख इन्जिनियर सुवोधकुमार देवकोटाकाले सडक बन्द अवधिभर चित्लाङ हुँदै यात्रा गर्ने सवारीसाधनलाई अन्य वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गरेका छन् ।

# नेपाली विषयमा ४ जिपिए ल्याउने १७७ विद्यार्थी सम्मानित



साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/ मकवानपुर जिल्लाका विभिन्न विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (एसईई) मा नेपाली विषयमा उत्कृष्ट नतिजा हासिल गर्दै ४ जिपिए प्राप्त गरेका विद्यार्थीलाई सम्मान गरिएको छ ।

नेपाली भाषा शिक्षक समिति मकवानपुरले आइतबार हेटौंडामा आयोजना गरेको कार्यक्रममा जिल्लाका ३३ विद्यालयका १७७ विद्यार्थी र उनीहरुलाई नेपाली विषय अध्यापन गराउने ४६ शिक्षकलाई सम्मान गरेको हो । समितिका अनुसार सामुदायिक विद्यालयतर्फ हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका १४ जना तथा हेटौंडा-५ स्थित बालज्योति माध्यमिक विद्यालयका १३ जना विद्यार्थीले नेपाली विषयमा ४ जिपिए प्राप्त गरेका छन् । संस्थागत विद्यालयतर्फ हेटौंडा-२ स्थित बालजागृति आवासीय माध्यमिक विद्यालय र हेटौंडा-४ स्थित नवोदय शिशुसदनका २४/२४ जना विद्यार्थीले ४ जिपिए हासिल गरेका थिए ।

कार्यक्रममा नेपाली भाषा तथा साहित्यको क्षेत्रमा योगदान पुऱ्याएका दुई शिक्षाविद्लाई पनि विशेष सम्मान गरिएको थियो । नेपाल संस्कृत विश्वविद्यालयबाट 'नेपाली उपन्यासमा वात्स्यायन कामसूत्रको प्रभाव' विषयमा विद्यावारिधि गरेका डा.घनश्याम घिमिरे तथा 'नेपाली मुक्तकमा बक्रोक्ति' विषयमा विद्यावारिधि हासिल गरेका डा. विश्वनाथ सञ्जेललाई सम्मान प्रदान गरिएको हो । हेटौंडा उपमहानगरपालिका-४ का वडाध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रम नेपाली भाषा शिक्षक समिति मकवानपुरका अध्यक्ष ज्योति न्यौपानेको अध्यक्षतामा भएको थियो ।

कार्यक्रममा समितिका सल्लाहकार हृयग्रीव आचार्य, माधव खतिवडा, विष्णुप्रसाद गौतम, विज्ञान शिक्षक समाज मकवानपुरका अध्यक्ष भरत पोखरेल, सामाजिक शिक्षा समाज मकवानपुरका महासचिव चिरञ्जीवी घिमिरे, नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरका अध्यक्ष मुकुन्द न्यौपाने, नेपाल शिक्षक संघ मकवानपुरका अध्यक्ष गणेश हुमागाईंलगायत शिक्षक, अभिभावक तथा विद्यार्थीको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# गौरीटारलाई अन्तर्राष्ट्रियस्तरको विकास गर्ने : मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले हेटौंडाको गौरीटार रंगशालालाई अन्तर्राष्ट्रिय स्तरको आधुनिक खेलकुद केन्द्रका रुपमा विकास गरिने बताएका छन् ।

आइतबार गौरीटार रंगशालामा निर्माण गरिएको क्रिकेट मैदानको उद्घाटन गर्दै उनले प्रदेश सरकारले आगामी बजेटमार्फत् आवश्यक स्रोत व्यवस्थापन गरी रंगशालाको पूर्वाधार विस्तार तथा स्तरोन्नतिलाई तीव्रता दिने प्रतिबद्धता व्यक्त गरे । बागमती प्रदेश सरकारको लगानीमा निर्माण सम्पन्न भएको क्रिकेटमैदानको शिलालेख अनावरण गर्दै उद्घाटन गरेका मुख्यमन्त्री बानियाँले गौरीटार रंगशालालाई प्रदेशको गौरवको आयोजनाकारुपमा अघि बढाइएको बताए । उनले क्रिकेटमैदानसँगै प्यारापिट, हेल्थ डेक्स, सिन्थेटिक ट्र्याकलगायत पूर्वाधार निर्माण गरी रंगशालालाई बहुउद्देश्यीय खेलकुद केन्द्रका रुपमा विकास गरिने जानकारी दिए ।

उनले प्रदेशको खेलकुद विकासका लागि नेपाल क्रिकेट संघ (क्यान) लगायत सरोकारवाला निकायसँग समन्वय गरेर राष्ट्रिय तथा अन्तर प्रदेशस्तरीय प्रतियोगिता आयोजना गर्न सकिने वातावरण तयार पारिने बताए । खेलाडीको भविष्य सुरक्षित गर्न प्रदेश सरकारले 'बागमती प्रदेशको शान, खेलाडीको सम्मान' अभियान अघि सारेको उल्लेख गर्दै योगदान पुऱ्याएका खेलाडीलाई खेलजीवनपछि पनि सम्मान र भत्ताको व्यवस्था गरिने उनले बताए । कार्यक्रममा नेपाल क्रिकेट संघ (क्यान) का सचिव पारस खड्काले गौरीटार क्रिकेटमैदान बागमती प्रदेशको क्रिकेट विकासको केन्द्र बन्ने विश्वास व्यक्त गरे । उनले क्रिकेट खेलाडीले अब आफ्नै सुविधासम्पन्न मैदान पाएको उल्लेख गर्दै यसबाट प्रदेशमा थप प्रतिभावान खेलाडी उत्पादन हुने अपेक्षा व्यक्त गरे ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।


Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com




आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)

# सभामुख संसदको गरिमा र नियमको संरक्षक हुनुपर्छः पूर्वसांसद बर्तौला

साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/नेकपा (एमाले) का नेता तथा पूर्वसांसद महेश बर्तौलाले सभामुख संसदको निष्पक्ष अभिभावक र संसदीय नियमको संरक्षक हुनुपर्ने बताएका छन् ।

प्रतिनिधि सभाको आइतबारको बैठकको सन्दर्भमा साझाकुरासँग प्रतिक्रिया दिँदै उनले सभामुख सरकारको सुविधा मिलाइदिने व्यवस्थापक नभई संसदको गरिमा, प्रक्रिया र नियमको रक्षा गर्ने जिम्मेवारीमा रहनुपर्ने धारणा व्यक्त गरेका हुन् । बर्तौलाले आइतबारको प्रतिनिधिसभा बैठकले संसदीय प्रक्रियाको मूल आत्मामाथि गम्भीर प्रश्न उठाएको बताएका छन् । संसद विधि, नियम र प्रक्रियाले सञ्चालन हुने सर्वोच्च संस्था हो कि सत्तालाई सहजता प्रदान गर्ने औपचारिक मञ्च मात्र हो भन्ने प्रश्न हिजोको घटनाक्रमले जन्माएको उनको भनाइ छ ।



उनले प्रधानमन्त्रीले बैठकका क्रममा आकस्मिकरुपमा बोल्न अनुमति मागेपछि सभामुखले तत्काल रोस्ट्रम प्रयोग गर्न दिएको, त्यसपछि सांसदलाई दलगत आधारमा दुई मिनेटभित्र प्रश्न गर्न निर्देशन दिएको र प्रधानमन्त्रीले तत्काल जवाफ दिएर बैठकबाट बाहिरिएको घटनाक्रमलाई संसदीय अभ्यास र प्रक्रियाको दृष्टिले विवादास्पद रहेको टिप्पणी गरेका छन् ।

बर्तौलाका अनुसार संसदीय नियमावलीले प्रधानमन्त्री वा मन्त्रीलाई संसदमा जवाफ दिने व्यवस्था गरेपनि त्यसका लागि पूर्वसूचना, कार्यसूची र व्यवस्थित प्रश्नोत्तर प्रक्रिया आवश्यक हुन्छ । तर, आजको बैठकमा प्रधानमन्त्रीले सम्बोधन गर्ने कुनै पूर्वजानकारी नभएको र स्पष्ट संसदीय प्रक्रिया अवलम्बन नगरिएको उनको दाबी छ ।

'प्रधानमन्त्रीले दिएको जवाफ कुन हैसियतमा आएको हो भन्ने प्रश्न समेत उठ्छ,' बर्तौलाले लेखेका छन्, 'उहाँले प्रधानमन्त्रीका रुपमा जवाफ दिनुभएको हो, रक्षामन्त्रीकारुपमा कि गृहमन्त्रीकारुपमा भन्ने विषय स्पष्ट हुनुपर्छ । संसदमा सरकारको तर्फबाट आउने जवाफ विधिसम्मत र पारदर्शी हुन आवश्यक छ' उनले सांसदलाई समेत कुन विषयमा जवाफ आउँदैछ भन्ने जानकारी हुनुपर्ने उल्लेख गर्दै त्यसले मात्र प्रभावकारी पूरक प्रश्न, बहस र संसदीय निगरानी सम्भव हुने बताएका छन् । बर्तौलाले हिजोको बैठकले सभामुखको भूमिकामाथि प्रश्न उठाएको बताएका छन् ।

सभामुखबाट निष्पक्षता, तटस्थता र नियमको कठोर पालना अपेक्षा गरिने भएपनि प्रक्रिया भन्दा परिस्थितिलाई प्राथमिकता दिएको देखिएको उनको भनाइ छ । उनले संसदीय नियमावलीले सभामुखलाई बैठक सञ्चालनका लागि विशेष अधिकार दिएको भएपनि ती अधिकार सत्तालाई सुविधा वितरण गर्न नभई संसदीय मूल्य, मान्यता, प्रक्रिया र गरिमाको संरक्षणका लागि प्रयोग हुनुपर्ने धारणा राखेका छन् । प्रधानमन्त्रीको संसद उपस्थितिलाई उनले सकारात्मक पक्षाकारुपमा स्वीकार गरेका छन् । तर, विधिसम्मत प्रश्नोत्तर प्रणालीभन्दा बाहिर गएर आकस्मिक शैलीमा प्रश्न र जवाफको अभ्यास गरिनुले संसदीय निगरानी कमजोर हुने उनको तर्क छ ।

'सांसदहरुलाई पूर्वजानकारी नदिई तत्काल प्रश्न गर्न लगाउने र त्यहीक्षण जवाफ दिने अभ्यासले संसदलाई प्रभावकारी बहस र खबरदारी गर्ने लोकतान्त्रिक संस्थाका रुपमा होइन, सरकारको सहजता अनुसार औपचारिकता पूरा गर्ने थलोकारुपमा विकास गर्न सक्छ,' उनले भनेका छन् । बर्तौलाले संसदको मूलदायित्व सरकारलाई सहज बनाउनु नभई सरकारलाई प्रश्न गर्ने, खबरदारी गर्ने र जनताप्रति जवाफदेही बनाउने रहेको उल्लेख गरेका छन् । आइतबारको बैठकले संसदीय प्रक्रिया क्रमश: कमजोर हुँदै गएको, नियमको व्याख्या र प्रयोग परिस्थितिअनुसार हुन थालेको तथा संसदको संस्थागत मर्यादा प्रधानमन्त्री केन्द्रित व्यवस्थापनतर्फ झुक्दै गएको संकेत गरेको उनको निष्कर्ष छ ।

यस्तो प्रवृत्ति निरन्तर रहे संसद सांसदहरुको उपस्थितिमात्र जनाउने मञ्चमा सीमित हुने र लोकतन्त्रका आधारभूत मूल्यहरु जवाफदेहिता, पारदर्शिता तथा संस्थागत सन्तुलन कमजोर बन्दै जाने चेतावनी उनले दिएका छन् । संसदको गरिमा कुनै व्यक्ति, सत्ता वा दलगत राजनीतिक सुविधाभन्दा माथि हुने उल्लेख गर्दै बर्तौलाले संसदीय लोकतन्त्रको वास्तविक शक्ति नियमावली, प्रक्रिया र निष्पक्षताको कडाइपूर्वक पालनामै निहित रहेको बताएका छन् । सभामुखबाट पनि यही अपेक्षा रहेको उनको भनाइ छ ।

# बागमती पुलबाट खसेको गाडीका चालक स्टेरिङमै मृत भेटिए

साझाकुरा संवाददाता



हेटौंडा, १७ जेठ/ मकवानपुरको भीमफेदी गाउँपालिका-८ बगुवास्थित कान्तिलोकपथमा पर्ने बागमती खोला पुलबाट शनिबार साँझ खसेको गाडीका चालक स्टेरिङमै मृत भेटिएका छन् ।

मकवानपुर र ललितपुर जोड्ने बागमती पुलबाट ना ६ ख ४०४२ नम्बरको टेलर गाडी शनिबार बेलुका खसेको थियो । गाडीका चालक हेटौंडा उपहानगरपालिका-३ बस्ने ३० वर्षीय दलबहादुर बर्तौला स्टेरिङमै मृत फेलापरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । गाडीलाई क्रेनको सहायताबाट खोला बाहिर निकालिएको छ । मकवानपुरका प्रहरी नायवउपरीक्षक माधवप्रसाद काफ्लेका अनुसार बागमती हाइड्रोपावरको फलामे पाइप लोड गरेर मकवानपुरबाट काठमाडौं जाँदै गर्दा पाइप बाँधिएको टुचिन (बन्धन) चुडिएर गाडी अनियन्त्रित भई पुलबाट तल खोलामा खसेको थियो ।

गाडीमा चालक र सहचालक गरी दुईजना सवार थिए । सहचालक १७ वर्षीय प्रशन्न प्रजा हामफालेका थिए । उनी सकुशल रहेको र चालकको मृत्यु भएको डिएसपी काफ्लेले जानकारी दिए ।

## श्री बाल उज्ज्वल माध्यमिक विद्यालय

हे.उ.म.न.पा.-३, लेवट, मकवानपुर

## कोटेशन पेश गर्ने सम्बन्धमा ।

*प्रथम पटक प्रकाशित मिति : २०८३/०२/१८*

प्रस्तुत विषयमा यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८३/०१/०३ को निर्णय अनुसार चालु आ.व. २०८२/०८३ मा विद्यालयमा आवश्यक पर्ने सेनेटरी प्याड खरिद गर्ने प्रयोजनका लागि नेपाल सरकारले जारी गरेको सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि-२०७६ को अनुसूची १ दफा ३ को उपदफा ४ सँग सम्बन्धित सेनेटरी प्याडको न्यूनतम मापदण्ड बमोजिम उक्त सामाग्री खरिद प्रक्रिया प्रयोजनका लागि सूचिकृत भएको आपूर्तिकर्ता, कम्पनी, सप्लायर्स तथा फर्महरुले सार्वजनिक खरिद नियमावली अनुसार तोकिएको मापदण्डको परिधि भित्र रही गुणस्तरीय सामाग्री उपलब्ध गराउन सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा सिलबन्दी कोटेशन पेश गर्न सम्बन्धित सूचिकृत फर्महरुलाई यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेको कोटेशनलाई दर्ता गरिने छैन । प्राप्त भएका कोटेशन दर्ता गर्ने वा नगर्ने अधिकार विद्यालय व्यवस्थापन समितिमा निहित रहने छ ।

**तपशिल:**

| विवरण | फारम दस्तुर | फारम बुझाउने अन्तिम मिति | प्रस्ताव खोलिने मिति | कैफियत |
|---|---|---|---|---|
| सेनेटरी प्याड खरिद | रु.२००।- | २०८१/०२/२५ | २०८३/०२/२६ | क) तोकिएको मिति र समय पश्चात प्राप्त भएको कोटेशन स्वीकार गरिने छैन । ख) कोटेशन पेश गर्ने अन्तिम दिन तथा खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ । ग) थप जानकारीको लागि विद्यालय प्रशासनमा सम्पर्क राख्न सकिनेछ । |

सम्पर्क : ९८५५०७०९४४, ०५७-४११११० विद्यालय

## श्री निर्मल माध्यमिक विद्यालय

हे.उ.म.न.पा.-१९, बस्तीपुर, मकवानपुर

## गोप्य कोटेशन आह्वान सम्बन्धमा ।

*प्रथम पटक प्रकाशित मिति : २०८३/०२/१८*

प्रस्तुत विषयमा यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८२/१२/१६ गतेको निर्णय अनुसार चालु आ.व. २०८२/०८३ मा विद्यालयमा आवश्यक पर्ने रु. ५,७८,८८०/- को सेनेटरी प्याड खरिद गर्नुपर्ने भएकोले उक्त कार्यको लागि यस विद्यालयको मिति २०८२/१२/०४ गतेको सूचना वमोजिम सूचिकृत हुन आएका तपसिलका आपूर्तिकर्ता, कम्पनी, सप्लायर्स तथा फर्महरु मध्येबाट नेपाल सरकारले जारी गरेको सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को अनूसूचि १ दफा ३ को उपदफा ४ सँग सम्बन्धित सेनेटरी प्याडको न्युनतम मापदण्ड बमोजिम उक्त सामग्री खरिद प्रकृया प्रयोजनको लागि दररेट सहितको कोटेशन गोप्य रुपमा सिलबन्दी गरी नमुना सेनेटरी प्याड सहित विद्यालयमा सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा पेश गर्नु हुन सार्वजनिक सूचना आव्हान गरिएको छ । दर्ता हुन आएका कोटशनहरु मिति २०८३।०२।२६ गते दिनको ११:०० बजे सम्बन्धित फर्मका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । तोकिएको समयमा प्रतिनिधि अनुपस्थित भएमा पनि शिलबन्धि कोटेशन खोलिने छ ।

**तपशिल:**

| क्र.सं. | फर्महरुको नाम | ठेगाना | सूचि दर्ता नम्बर | कै. |
|---|---|---|---|---|
| 1 | Softy Hygiene Pvt.Ltd. | Hetauda-8, Makawanpur | 37 | |
| 2 | Birat Healthcare Industries Pvt.Ltd. | Budhiganga-2, Morang | 39 | |
| 3 | Jandavi Suppliers | Biratnagar-7 Morang | 40 | |
| 4 | New Tirupati Balaji Udhyog | Budhiganga-2 Morang | 41 | |
| 5 | Platinum Int | Hetauda-11, Makawanpur | 42 | |

थप जनकारीको लागि सम्पर्क नं.: ९८५५०१४७९९

# 'भान्सा नै पहिलो औषधालय'



साझाकुरा संवाददाता

हेटौंडा, १७ जेठ/ विश्व वातावरण दिवस २०८३ को अवसरमा 'भान्सा नै औषधालय' सम्बन्धी सचेतनामुलक कार्यक्रम हेटौंडा-४ मा सम्पन्न भएको छ ।

हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ को आयोजनामा तथा टोल विकास संस्था नगरसमन्वय समिति, हेटौंडा उपमहानगरको समन्वयमा आयोजित कार्यक्रममा टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीको अध्यक्षता तथा हेटौंडा-४ का वडाअध्यक्ष नवीन सिग्देलको प्रमुखआतिथ्यता रहेको थियो ।

कार्यक्रममा 'भान्सा नै औषधालय' अभियानका प्रवर्द्धक राष्ट्रिय प्रशिक्षक रोमलाल गिरीले दैनिक जीवनमा प्रयोग हुने खाद्यसामग्री, जडीबुटी तथा प्राकृतिक खानपानको महत्वबारे प्रशिक्षण तथा सहजीकरण गरेका थिए । उनले आधुनिक जीवनशैलीका कारण बढ्दै गइरहेका नसर्ने रोगलाई नियन्त्रण गर्न स्वस्थ खानपान, स्थानीय उत्पादनको प्रयोग र प्राकृतिक जीवनशैली आवश्यक रहेको बताए ।

भान्सामा प्रयोग हुने बेसार, अदुवा, लसुन, तुलसी, मेथी लगायतका सामग्री औषधीय गुणले भरिपूर्ण रहेको उल्लेख गर्दै उनले 'भान्सा नै पहिलो औषधालय' भएको धारणा व्यक्त गरे । कार्यक्रमका प्रमुखअतिथि वडाअध्यक्ष सिग्देलले स्वस्थ नागरिक निर्माणका लागि यस्ता जनचेतनामूलक कार्यक्रम अत्यन्त प्रभावकारी हुने बताए । उनले वातावरण संरक्षण र नागरिक स्वास्थ्य एकअर्कासँग प्रत्यक्षरुपमा जोडिएको विषय भएको उल्लेख गर्दै स्वस्थ खानपान, सरसफाइ र हरियाली प्रवर्द्धनलाई स्थानीय तहले प्राथमिकताका साथ अगाडि बढाइरहेको जानकारी दिए । यस्ता कार्यक्रमले समुदायमा सकारात्मक व्यवहार परिवर्तन ल्याउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दै उनले सहभागी सबैलाई सिकेका कुरा व्यवहारमा लागू गर्न आग्रह गरेका छन् ।

कार्यक्रमका सभाध्यक्ष तथा टोल विकास संस्था नगरसमन्वय समितिका अध्यक्ष अधिकारीले विश्व वातावरण दिवसलाई केवल औपचारिक कार्यक्रममा सीमित नराखी व्यवहारिक परिवर्तनसँग जोड्न आवश्यक रहेको बताए । उनले वातावरण संरक्षण, सरसफाइ, हरियाली प्रवर्द्धन र स्वस्थ जीवनशैली निर्माणमा टोल विकास संस्थाको महत्वपूर्ण भूमिका रहेको उल्लेख गरे । 'स्वस्थ भान्सा, स्वस्थ परिवार र स्वस्थ समाज निर्माणको आधार हो,' भन्दै उनले समुदायस्तरमा यस्ता सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइने जानकारी दिए ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका वडा नं. ४ सहित नगरभित्रका विभिन्न वडाका टोल विकास संस्थाका पदाधिकारी, सामाजिक अभियन्ताको सहभागिता रहेको थियो। सहभागीले कार्यक्रमबाट प्राप्त ज्ञान तथा अनुभवलाई दैनिक जीवनमा प्रयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । आयोजकका अनुसार विश्व वातावरण दिवस २०८३ को अवसरमा वातावरण संरक्षण, सरसफाइ तथा स्वस्थ जीवनशैली प्रवर्द्धनका विविध कार्यक्रम निरन्तर सञ्चालन भइरहेका छन् ।

"सफा ट्यांकी, स्वस्थ जिन्दगी"

तपाईको पानी ट्यांकी कत्तिको सुरक्षित छ ?

कहिले याद गर्नु भएको छ ? बाहिरबाट स्वस्थ र सफा देखिए पनि ट्यांकी भित्र धुलो, हिलो, लेउ र किटाणुको भण्डार भई दुषित त छैन ?

याद गर्नुहोस् है

हामीले दुषित पानीबाट ब्रस वा मुख धुने, नुहाउने, खाना पकाउने, पिउने जस्ता कार्यहरु गरिरहेका छौं भने, प्राय रोगहरु दुक्षित पानीका कारण स्वास्थ्यमा धेरै समस्य देखा पर्न सक्दछ ।

- डायरिया
- कालो झाडा
- टाइफाइट
- हेपाटाइटिस ए
- स्किन यन्फेक्सन,

साथै अन्य जलजन्य रोगहरु लाग्न सक्दछ ।



अब तपाईको घरदैलोमा सस्तो र भरपर्दा सफाई सेवा लिएर आएका छौं, अत्याधुनिक प्रविधि उपकरणबाट सफाई गर्छौं । अब ढिला नगरौं आजै आफ्नो ट्यांकी सफा गरी आफ्नो र परिवारको स्वास्थ्य जोगाउनुहोस् ।

छत/भूमिगत पानी ट्यांकी सफाई सेवा

थप जानकारीको लागि

इनर्जेटिक सर्भिसिज प्रा.लि.

९८२७२८३०३०, ९७६१७१९६९९, ९८५५०६७१११

हार्दिक बधाई तथा शुभकामना



यस संस्थाका शेयर सदस्य **श्री उत्सव इटेनी** नारायणी पेट्रोलियम बिक्रेता संघ १४ औं वार्षिक साधारणसभा तथा अधिवेशनबाट अध्यक्ष पदमा निर्बिरोध निर्वाचित हुनुभएकोमा उहाँलगायत निर्वाचित सम्पूर्णमा हार्दिक बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

लक्ष्मीदेवी श्रेष्ठ (अध्यक्ष) एवम्

दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.

हेटौंडा-२, मकवानपुर

श्री निर्मल माध्यमिक विद्यालय

हेटौंडा-१९, बस्तिपुर

ADMISSION OPEN Class-11

कक्षा-११ मा भर्ना खुल्यो

शिक्षा | कम्प्युटर साइन्स | व्यवस्थापन | मानविकी | कानुन

सम्पर्क:९८५५०३०८८७,९८५५०६७७९९, ९८४५०७१७८८,९८४५०७१६५८